निर्णयहरुः-

निर्णय नं. १ शैक्षिक शत्र २०८१ को विद्यालय स्तरिय राष्ट्रपति रनिङ शिल्ड मिति २०८१ पौष २५ -२७ गते सम्म मलकट्टेश्वर मा.वि. बयालामा आयोजना गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने।

निर्णय नं. २ नेपाल सरकार स्थानीय पुर्वाधार विकास विभाग झोलुङ्गे पुल शाखाले बिभिन्न क्षेत्रमा प्राथमिकताका आधारमा पुनः झोलुङ्गे पुल माग गर्न भनि पत्र पठाएकोमा यस आ.व मा यस चुरे गाउँपालिकाका तपसिलका खोला तथा खोचहरुमा पुल निर्माण गर्न आवश्यक देखिएकाले प्राथमिकताका आधामा पुल माग गर्नेः

तपसिल

| सि.नं | पुल निर्माण गर्नुपर्न स्थान | वडा नं. |
|---|---|---|
| १ | दिगडा च्यूरा खोला झो.पु. | १ |
| २ | खैरला ठूलो खोला झो.पु. | २ |
| ३ | घट्टेखोला झो.पु. | ३ |
| ४ | भुकुडा खोला झो.पु. | ४ |
| ५ | निगलाडी- धप्रेनी खोला झो.पु. | ५ |
| ६ | पुतली खोला झो.पु. | ६ |
| ७ | निगाली ओदाले झो.पु. | १ |
| ८ | डोडर सायल- चिलोट झो.पु. | १ |
| ९ | बालुवागडा साफर्क मोहन्याल जोडने झो.पु. | ४ |
| १० | जगाती तुरेपानी झो.पु. | ४ |
| ११ | बसहर खोला झो.पु. | ३ |
| १२ | शान्त खोला झो.पु. | ६ |
| १३ | थली खोला झो.पु. | ३ |
| १४ | ठूलागडा झो.पु. | |
| १५ | वुंगा ढूङ्गानी जोडने झो.पु. | ६ |
| १६ | आम्पानी खोला झो.पु. | ६ |
| १७ | नुनेगडा झो.पु. | ६ |
| १८ | दागड खोला झो.पु. | ६ |

निर्णय नं. ३ नेपाल सरकार उद्योग बाणिज्य तथा आपुर्ती मन्त्रालय सिंहदरवार काठमाण्डौले यस चुरे गाउँपालिकामा मेघा फुड पार्क निर्माण गर्नको लागि बजेट विनियोजन गरेकोमा उक्त मेघा फुडपार्क वडा नं. ६ को बगैचुलामा रहेको ५० रोपनी सरकारी जग्गामा निर्माण गर्ने , बिभिन्न स्थानीय उत्पादनहरुका साथै सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाबाट संकलित खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफुलका साथै औषधीजन्य जडिबुटी संकलन, प्रशोधन, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ गर्नुका साथै सोको बजारीकरण गर्ने र सो कार्यलाई दिगो रुपमा संचालन गर्नको लागि स्थानीय

Scanned with CamScanner

सरोकारवाला, राजनीतिक दलका प्रतिनिधि, लगायत उद्योगी व्यवसायीहरुसँग छलफल गरी र मेघा फुडपार्क निर्माणको कार्यसंचालन देखी त्यस्को दिगो रुपमा संचालन तथा व्यवस्थापनका लागि नीति नियम , कानुन निर्माण गरी संचालन गर्ने र स्थानीय युवा स्वरोजगारीको कार्यक्रमलाई प्रवर्द्धन गर्ने गरी नेपाल सरकारसँग प्रतिबद्धता जाहेर गर्ने।

निर्णय नं. ४ चुरे गाउँपालिकाका स्थानीय कृषिजन्य उत्पादन तथा छिमेकी पालिकामा उत्पादित उपजहरुलाई बजारीकरण गर्ने तथा स्थानीय व्यवसायीलाई प्रवर्द्धन गर्नको लागि एक स्थानीय हाटबजारको आवश्यकता रहेकोमा सोको लागि बजेट विनियोजनको लागि सुदूरपश्चिम प्रदेश सरकार भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लेखि पठाउने।

निर्णय नं. ५ चुरे गाउँपालिकाको भवन संहिता अनुसार पहिले बनेका घरधनीले मापदण्ड र आवश्यक प्रक्रिया पुर्याएर आएमा त्यस्ता संरचनाको अभिलेखिकरण गर्ने व्यवस्था अनुसार वडा नं.१ शिव नगर निवासी घरधनी श्री **नविन बहादुर ढाँट क्षत्रीको** घर अभिलेखिकरण गरी लगत राख्ने।

निर्णय नं. ६ नेपाल सरकार , फिनल्याण्ड सरकार, युरोपियन यूनियन तथा चुरे गाउँपालिकाको लागत साझेदारीमा चालु आ.व. २०८१/०८२ मा **जलबायु परिवर्तन स्थानीय अनुकुलन ( LACC)** परियोजना अन्तर्गत संचालन हुने कार्यक्रमहरुका लागि आवश्यक जनशक्ति गाउँपालिकाको खानेपानी तथा सरसफाई शाखा WASH UNIT का साथै अन्य पालिकाका कर्मचारीहरुबाट कार्य सम्पादन गराउने प्रतिबद्धता जनाउने।

निर्णय नं. ७ स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनको वन पैदावार काठ बेचविखन गरे बाफत प्राप्त हुने आम्दानीको १०% स्थानीय तहको संछित कोषमा जम्मा गर्नु पर्ने कानुनी व्यवस्था अनुसार तपसिलका सामुदायिक वन उपभोक्ता समुहले १०% पालिकाको संचित कोषमा जम्मा गरेको हुदा प्राथमिकता तथा भौगोलिक अवस्थालाई हेरी तपसिल बमोजिमका सामुदायिक वनहरुमा रिचार्ज पोखरी तथा अग्नी नियन्त्रण रेखा राख्न सिफारिस गर्ने।

| सि.नं. | सामुदायिक वनको नाम | ठेगाना | गरिने कार्य |
|---|---|---|---|
| १ | जनता सामुदायिक वन | चुरे -६ | रिचार्ज पोखरी |
| २ | सिद्ध हरियाली सामुदायिक वन | चुरे-६ | रिचार्ज पोखरी |
| ३ | शिवशक्ति सामुदायिक वन | चुरे-५ | अग्नि नियन्त्रण रेखा |
| ४ | गुप्तपानी सामुदायिक वन | चुरे-३ | अग्नी नियन्त्रण रेखा |
| ५ | केदार सामुदायिक वन | चुरे-२ | अग्नी नियन्त्रण रेखा |
| ६ | गौडेछेडी सामुदायिक वन | चुरे-४ | अग्नी नियन्त्रण रेखा |
| ७ | समैजी लिङ्ग सामुदायिक वन | चुरे -३ | रिचार्ज पोखरी |
| ८ | भगवती सामुदायिक वन | चुरे-१ | रिचार्ज पोखरी |
| ९ | ठूलीखाली सामुदायिक वन | चुरे-१ | रिचार्ज पोखरी |
| १० | दुर्गादेवी सामुदायिक वन | चुरे-२ | रिचार्ज पोखरी |
| ११ | सिउतीवियती सामुदायिक वन | चुरे-४ | रिचार्ज पोखरी |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १२ | मालिका सामुदायिक वन | चुरे-४ | रिचार्ज पोखरी |

**निर्णय नं. ८** यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लगायत वडा नं. १ का केही भागमा विद्युत लाईन विस्तार गर्दा मिलनपुर देखी लाईन बिस्तार गरेकोमा भौगोलिक बनावट तथा वनक्षेत्रको कारणले गर्दा बर्षा याममा विद्युत आपुर्तिमा कठिनाई/ अबरोध हुदै आएकोमा गाउँपालिकाको कार्यालय लगायत घरखेडा क्षेत्रमा विद्युत विस्तारका लागि सिधै सहजपुरमा रहेको ट्रानस्फर्मरबाट लाई जडान गरी पालिकाको समश्या समाधान गर्नको को लागि नेपाल विद्युत प्राधिकरण अत्तरिया वितरणकेन्द्रलाई लेखि पठाउने।

**निर्णय नं. ९** नेपालको संविधान, २०७२ को धारा ३८ मा नागररिकलांई सुरक्षित आवासको हक हुने व्यवस्था भए अनुसार नेपाल सरकार शहरी विकास मन्त्रलायले प्रत्येक पालिकामा सुरक्षित नागरिक आवास अन्तर्गत खरमुक्त छानाको प्रावधान अनुरुप खर प्रतिस्थापन गर्नको लागि जस्ताको पाता राख्नको लागि आर्थिक सहयोग गर्दै आएकोमा यस आ.व. मा थप ६०० घरपरिवारलाई खरमुक्त छाना बनाउनको लागि मन्त्रालयमा लेखि पठाउने।

**निर्णय नं. १०** चुरे गाउँपालिका वडा नं. ३ सहजपुर निवासी **श्री लोकेन्द्र बहादुर** रानाले निजको **श्रीमती पार्वती देवी राना** घाँस काटने क्रममा रुखबाट लडेर घाईते भई अस्पतालमा उपचार गरिरहेको र निजको आर्थिक अवस्था कमजोर भएको कारण उपचार गर्न कठिनाई भएको भनि आर्थिक सहयोगको लागि निवेदन दिएकोमा निजलाई चुरे गाउँपालिकाको आर्थिक सहायता(वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार रु. **२५०००।०० आर्थिक सहायता** प्रदान गर्ने।

**निर्णय नं. ११** महिला शान्ती सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राट्प्रिय कार्ययोजना ( आ.व. २०७९/०८०-२०८१/०८२) को १२.५ मा उल्लेख भए बमोजिम तपसिल बमोजिमको कार्ययोजना कार्यान्वयन गर्न स्थानीय निर्देशक समिति गठन गर्ने

| | | |
|---|---|---|
| १. | श्री चक्र बहादुर बोगटी रजवार | संयोजक |
| २. | श्री धना देवी थापा | सदस्य |
| ३. | श्री डम्मर बहादुर सिंह | सदस्य |
| ४. | श्री केशव बहादुर साउँद | सदस्य |
| ५. | श्री खगेन्द्र खडायत | सदस्य |
| ६ | श्री चन्द्र बहादुर लामीछानेमगर | सदस्य |
| ७ | श्री विर बहादुर धामी | सदस्य |
| ८ | श्री प्रेम बहादुर साउँद | सदस्य |
| ९ | श्री पुष्पा बरै मगर | सदस्य |
| १० | श्री मनिसा वि.क. गौतम | सदस्य |
| ११ | श्री सरोजनी धामी बोहरा | सदस्य |

Scanned with CamScanner

बुदा नं. १२.५ अन्तर्गतको स्थानीय निर्देशक समिति को मातहतमा रही कामकाज गर्नको लागि तपसिल बमोजिमको उप समिति गठन गर्ने

| | | |
|---|---|---|
| १ | श्री धना देवी थापा | संयोजक |
| २ | श्री मनिसा वि.क. गौतम | सदस्य |
| ३ | श्री तुलक्षा महता क्षेडाल | सदस्य |
| ४ | श्री जानकी नेपाली | सदस्य |
| ५ | श्री धनमती धामी | सदस्य |
| ६ | लक्ष्मी पन्त | सचिव |

Scanned with CamScanner